**नेपाल राष्ट्र बैंक**
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/९/०७८/७९

मिति: २०७८/१०/०३

# सूचना

सम्पूर्ण सरोकारवाला व्यक्ति तथा निकायहरु

विषयः राय/सुझाव उपलब्ध गराईदिने बारे ।

यस बैंकबाट तयार गरिएको **"बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी मार्गदर्शन, २०७८"** को मस्यौदा यस बैंकको वेवसाइट www.nrb.org.np/category/notices/ मा राखिएको व्यहोरा अनुरोध गर्दछु ।

उक्त मस्यौदा उपर के कस्ता परिमार्जन गर्नु वाञ्छनीय देखिन्छ, सो सम्वन्धमा तहाँको राय/सुझाव ३५ दिन भित्र यस बैंकमा उपलब्ध हुने गरी लिखित रुपमा अथवा इमेल ठेगाना nrbbfirdppd@nrb.org.np मा उपलब्ध गराई दिनहुन अनुरोध छ ।

कार्यकारी निर्देशक

# बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी मार्गदर्शन, २०७८

मस्यौदा

नेपाल राष्ट्र बैंक

# बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी मार्गदर्शन, २०७८

## १. पृष्ठभूमि

बैंक तथा वित्तीय संस्था अर्थतन्त्रमा वित्तीय मध्यस्थता सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएको हुँदा मुलुकको दिगो विकासमा यी संस्थाको भूमिका महत्वपूर्ण हुने गर्दछ । मानवीय, सामाजिक र बाह्य वातावरणको संरक्षण हुन सकेमा मात्र वित्तीय क्षेत्र प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि हुने, वित्तीय स्थायित्व कायम हुने र संस्थाहरु अविच्छिन्न रुपमा दीर्घकालसम्म सञ्चालन गर्न सहज हुने हुन्छ । वित्तीय संस्थाले आफ्ना सबै सरोकारवालाको हित संरक्षणमा समेत पर्याप्त ध्यान दिनुपर्ने भएकोले मुलुक र समाज प्रति संस्थाको उत्तरदायित्व रहने गर्दछ । सामाजिक तथा वाह्य वातावरणलाई अझ स्वच्छ, समावेशी, दिगो बनाई भावी पुस्ताको लागि समेत बस्न योग्य तुल्याउने कर्तब्य सरकार, सामाजिक अभियन्ता र समाजमा रहेका प्रत्येक नागरिकको भए जस्तै समाजमा स्थापित बैंक तथा वित्तीय संस्थाको समेत कर्तव्य हुन आउँछ । समाज र मुलुक प्रतिको सामाजिक उत्तरदायित्व पूरा गर्न हरेक बैंक तथा वित्तीय संस्थाले शिक्षा, स्वास्थ्य, वित्तीय साक्षरता, वित्तीय पहुँच साथै पिछडिएका वर्गको उत्थानमा योगदान गर्नुपर्ने हुन्छ । यस्तो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरिने खर्च पारदर्शी, प्रभावकारी र उद्देश्यमूलक होस् र त्यसको उपयोग मुलुकको वृहत्तर हितमा होस् भन्ने अभिप्रायले यो मार्गदर्शन जारी गरिएको छ ।

## २. उद्देश्य

यस मार्गदर्शनको मुख्य उद्देश्य वातावरणीय संरक्षण, सामाजिक विकास, वित्तीय साक्षरताको प्रवर्द्धन, वित्तीय समावेशीकरण, विद्युतीय भुक्तानीको प्रवर्द्धन साथै शिक्षा तथा स्वास्थ्य सेवाको सुदृढीकरणमा योगदान गर्न बैंक तथा वित्तीय संस्थाले मुनाफाको निश्चित अंश संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत खर्च गर्नु रहेको छ । यस मार्गदर्शनको कार्यान्वयनबाट बैंक तथा वित्तीय संस्थाले गर्दै आएका हुँदै आएका सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्च निष्पक्ष र पारदर्शी रुपमा मुलुकभर न्यायोचित ढंगले वितरण हुने, सामाजिक हित प्रवर्द्धन हुने र बहुउपयोगी कार्यमा स्रोतको प्रभावकारी प्रयोग हुने विश्वास लिइएको छ ।

**३. संस्थागत सामाजिक उत्तरदायित्व कोषको व्यवस्था**

यस बैंकबाट “क”, “ख”, “ग” र “घ” वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था तथा पूर्वाधार विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी कार्यमा थप क्रियाशील हुन हरेक आर्थिक वर्षको खुद मुनाफाको नेपाल राष्ट्र बैंकले तोकेको प्रतिशतले हुन आउने रकम छुट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा गर्नु पर्नेछ । इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले निर्णय गरी नेपाल राष्ट्र बैंकबाट तोकिएको प्रतिशतभन्दा बढी रकम उक्त कोषमा जम्मा गरी संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यमा खर्च गर्न सक्नेछन् ।

**४. कोषको रकम खर्च गर्नुपर्ने अवधि**

प्रत्येक आर्थिक वर्षको वित्तीय विवरण स्वीकृत भएसँगै मुनाफाबाट कोषमा जम्मा भएको रकमको कम्तीमा ६० प्रतिशत रकम चालु आर्थिक वर्षभित्र खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ । कारणवश ४० प्रतिशत रकम खर्च नभएमा आगामी आर्थिक वर्षमा खर्च गर्नुपर्नेछ ।

**५. कार्यविधि सम्बन्धमा**

इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी विविध कार्य गर्ने र कोष सञ्चालन गर्ने सम्बन्धमा कार्यविधि बनाई लागू गर्नुपर्नेछ । उक्त कार्यविधिमा कम्तीमा निम्न विषयहरु समेटिएको हुनुपर्नेछ :

५.१. कोषको रकम खर्च गर्ने अख्तियारी

५.२. कार्यक्रम छनौट तथा प्रस्ताव मूल्यांकन गर्ने आधार

५.३. कार्यक्रमको विविधीकरणका आधार

५.४. भौगोलिक रुपमा कार्यक्रमको वितरणको आधार

५.५. आपसी स्वार्थ रहित रुपमा कार्यक्रम छनौट हुने आधार

## ६. संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत खर्च गर्न सकिने क्षेत्र :

संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकमबाट देहायबमोजिमका क्षेत्रमा खर्च गर्न सकिनेछ :

### ६.१. शिक्षा

६.१.१. संस्थागत विद्यालय तथा कलेजमा अध्ययनरत गरीब, पिछडिएका वर्ग तथा अपाङ्गता भएका जेहेन्दार विद्यार्थीलाई दिइने छात्रवृत्ति ।

६.१.२. संस्थागत विद्यालय तथा कलेजको भौतिक संरचना निर्माण, मर्मत तथा पुनः निर्माण ।

६.१.३. संस्थागत विद्यालय तथा कलेजलाई वितरण गरिने कम्प्युटर, प्रोजेक्टर, इन्टर्याक्टीभ स्मार्ट बोर्ड, व्हाइट/ब्ल्याक बोर्ड, पुस्तक लगायतका शैक्षिक सामग्री तथा विद्यालयका लागि आवश्यक हुने अन्य फर्निचर, फिक्स्चर लगायतका सामग्री ।

६.१.४. संस्थागत विद्यालय तथा कलेजमा शुद्ध पिउने पानीको व्यवस्था, शौचालय निर्माण वा सुधार, स्यानिटरी प्याड डिस्पेन्सर, स्यानिटाइजर डिस्पेन्सर, मास्क डिस्पेन्सर, प्राथमिक उपचार लगायतका स्वास्थ्य तथा सरसफाईसम्बन्धी आधारभूत सामग्री ।

### ६.२. स्वास्थ्य

६.२.१. संस्थागत स्वास्थ्य संस्थाहरुलाई वितरण गरिने स्वास्थ्य उपकरण, औषधी लगायतका अन्य स्वास्थ्य सामग्री तथा उपकरण ।

६.२.२. संस्थागत स्वास्थ्य संस्थाहरुमा शुद्ध पिउने पानीको व्यवस्था, शौचालय निर्माण वा सुधार, स्यानिटरी प्याड डिस्पेन्सर, स्यानिटाइजर डिस्पेन्सर, मास्क डिस्पेन्सर लगायतका आधारभूत स्वास्थ्य तथा सरसफाई सामग्री ।

६.२.३. न्यून आय भएका नागरिकको जटिल स्वास्थ्य समस्याको उपचारका लागि कुनै अस्पतालसँग गरिने सहकार्य ।

६.२.४. निम्न वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक हुने बैशाखी, व्हील चियर, मेडिकल बेड, hearing aid, जस्ता जिवनोपयोगी सामग्री ।

६.२.५. ग्रामीण क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रम सञ्चालन ।

६.२.६. विभिन्न महामारी तथा प्राकृतिक प्रकोपका समयमा आउन सक्ने चुनौतीको सामना गर्न जनस्वास्थ्यका पूर्वाधार निर्माण ।

६.२.७. अक्सिजन सिलिण्डर, अक्सिजन कन्सन्ट्रेटर, जीवन रक्षक भ्याक्सिन, औषधी आदिको सहज आपूर्तिको लागि प्रत्यक्ष रुपमा गरेको खर्च ।

६.२.८. वित्तीय क्षेत्रका कर्मचारी, कर्मचारीका परिवार एवं सर्वसाधारणलाई स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले अस्पताल सञ्चालन ।

**६.३. मानवीय सहयोग तथा राहत**

६.३.१. भूकम्प, बाढी, पहिरो, आँधीहुरी, आगलागी लगायतका प्राकृतिक विपत्तिका पीडितलाई वितरण गरिने लत्ता कपडा, खाद्यान्न, औषधी, टेन्ट, भाँडा लगायतका बन्दोबस्तीका सामग्री ।

६.३.२. व्यावसायिक रुपमा स्थापना भएका बाहेकका सम्बन्धित सरकारी निकायबाट मान्यता प्राप्त वृद्धाश्रम, बालगृह, अनाथाश्रम, घरवार बिहिनका लागि स्थापना भएको आश्रय स्थल, मानव बेचविखन तथा घरेलु हिंसामा परेकालाई उद्धार गरी संरक्षण गर्ने संस्था लगायतका सामाजिक संस्थालाई गरिने सहयोग ।

६.३.३. कुपोषण भएका बालबालिका, गर्भवती तथा सुत्केरी महिलालाई पोषणयुक्त खाद्यान्न उपलब्ध गराउँदा हुने खर्च ।

**६.४. विश्व सम्पदा**

६.४.१. विश्वसम्पदा सूचीमा परेका सम्पदा तथा राष्ट्रिय सम्पदाको जिर्णोद्धार, मर्मत सम्भार तथा पुन: निर्माण ।

**६.५. वातावरण**

६.५.१. सम्बन्धित निकायबाट आवश्यक स्वीकृति लिई शहरी वन विकास तथा सार्वजनिक स्थानमा गरिने वृक्षारोपण ।

६.५.२. सम्बन्धित निकायबाट आवश्यक स्वीकृति लिई सार्वजनिक स्थलमा राखिने वातावरण सम्बन्धी जानकारी दिने सूचनामूलक सामग्री ।

६.५.३. वातावरण संरक्षणसम्बन्धी जनचेतना अभिवृद्धिको लागि चेतनामूलक सामग्री निर्माण तथा प्रसारण ।

६.५.४. सार्वजनिक स्थलमा फोहोर मैला संकलनका लागि राखिने फोहरदानी ।

६.५.५. लोपोन्मुख वन्यजन्तु संरक्षणसँग सम्बन्धित कार्य ।

६.५.६. प्रदुषण न्यूनीकरण तथा  नियन्त्रण हुने जस्ता वातावरणीय परियोजना ।

६.५.७. वातावरणीय प्रभाव न्यूनीकरणका लागि ग्रामीण क्षेत्रमा गरिने पूर्वाधार निर्माण ।

६.५.८. प्रदुषित नदी नालाको पानी प्रशोधनका लागि निर्माण गरिने पूर्वाधार ।

६.५.९. हिमालमा जम्मा भएका फोहर व्यवस्थापनका लागि गरिने कार्य ।

### ६.६. वित्तीय साक्षरता

६.६.१. वित्तीय सचेतनामूलक श्रब्य दृश्य सामग्री निर्माण तथा प्रसारण खर्च ।

६.६.२. वित्तीय साक्षरता अभिबृद्धिका लागि ज्ञानवर्धक सामग्रीको निर्माण तथा वितरण ।

६.६.३. वित्तीय साक्षरताको लागि प्रदेश तथा स्थानीय निकायसँग गरिने सहकार्य ।

६.६.४. वित्तीय शिक्षाको लागि गाउँपालिकामा अवस्थित स्कुल कलेजसँग गरिने सहकार्य ।

६.६.५. बैंकिंग क्षेत्रसँग अभ्यस्त नभएका लक्षित समुदायमा वित्तीय साक्षरता अभिबृद्धिका लागि गरिने कार्य ।

६.६.६. डिजिटल वित्तीय कारोबार सम्बन्धी चेतना अभिबृद्धिका लागि गाउँपालिकाहरुमा गरिने तालिम कार्यक्रम ।

६.६.७. नगद रहित कारोबार, प्रबिधिको प्रयोग एवम् बिद्युतीय कारोबार सम्बन्धमा जनचेतना अभिबृद्धि लगायत प्रबर्धनात्मक खर्च ।

६.६.८. नेपाल राष्ट्र बैंकले जारी गरेको Financial Literacy Framework अनुसारका लक्षित वर्गका लागि प्रदान गरिने दुई दिन वा सो भन्दा लामो अवधिको तालिम कार्यक्रम सञ्चालन गर्दा लाग्ने खर्च ।

### ६.७. दिगो विकास लक्ष्य

६.७.१. दिगो विकास लक्ष २०१६-२०३० ले पहिचान गरेका क्षेत्रहरुमा तोकिएका लक्ष्यहरुको प्राप्तिमा सहयोग हुने गरी गरिने खर्च ।

मस्यौदा

६.८. **अन्य**

६.८.१. ट्राफिक व्यवस्थापन तथा यात्रु प्रतीक्षालय, सडक बत्ती, सार्वजनिक शौचालय लगायतको निर्माण, पुनः निर्माण तथा संरक्षणमा गरिने खर्च ।

६.८.२. बैंक तथा वित्तीय संस्थाले आफ्ना कर्मचारीको सन्तानका लागि Child Day Care Centre सञ्चालन वापत लाग्ने खर्च ।

६.८.३. "खोलौं बैंक खाता अभियान" अन्तर्गत खोलिएका खातामा बैंक तथा वित्तीय संस्थाका तर्फबाट जम्मा गरिएको प्रति खाता रु. १०० (एक सय) सम्मको खर्च रकम ।

६.८.४. राष्ट्रिय महत्वका आविष्कार केन्द्रलाइ प्रदान गरिने रकम ।

६.८.५. संस्थामा कार्यरत कर्मचारीको लागि महामारीजन्य रोगबाट सुरक्षित राख्न, रोकथाम गर्न तथा उपचार गर्दा लाग्ने (वास्तविक बिल बमोजिमको) खर्च ।

६.८.६. यस बैंकले समय समयमा तोकिदिएको अन्य क्षेत्रहरुमा गरिएको खर्च ।

## ७. प्रदेशगत खर्च

७.१. बैंक तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च गर्दा एकै भौगोलिक क्षेत्र तथा विषय (जस्तैः शिक्षा, स्वास्थ्य आदि) मा मात्र सीमित नभई आफ्नो कार्यक्षेत्र भित्रका भौगोलिक क्षेत्रमा जीवन रक्षा, सार्वजनिक हित तथा परोपकारी कार्यलाई प्राथमिकतामा राखी न्यायोचित ढङ्गले खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

७.२. वाणिज्य बैंक तथा राष्ट्रिय स्तरका वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व कोषमा छुट्ट्याएको रकमलाई प्रत्येक प्रदेशमा न्यूनतम १० प्रतिशत हुनेगरी खर्च गर्नुपर्नेछ ।

## ८. संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत नपर्ने कार्य

इजाजतपत्रप्राप्त संस्थाले गरेका देहायबमोजिम खर्चहरु कुनै पनि संस्थागत समाजिक उत्तरदायित्व अन्तर्गत पर्ने छैनन् :

८.१. संस्थाको ब्राण्ड प्रवर्द्धन तथा बजार विस्तार गर्ने हेतुले गरिएका बजारीकरण अभियान, विभिन्न कार्यक्रमहरुको प्रायोजन, राजनैतिक दलका कार्यक्रमलाई गरिएको सहयोग,

नाफामूलक कार्य, शुल्क लिई गरिएका कार्यक्रम, र्‍याली तथा विज्ञापन जस्ता कार्यहरुमा गरिएको खर्च ।

८.२. संस्थापक शेयरधनी, संचालक समितिका सदस्य तथा उच्च व्यवस्थापन तहका पदाधिकारी सम्बद्ध संस्थामा गरिएका खर्च ।

८.३. व्यापार विस्तारको शर्त राखी गरिएका खर्च ।

## ९. विविध व्यवस्था

९.१. संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत खर्च गर्दा निजी बाहेकका सरकारी, सामुदायिक तथा अन्य गैर नाफामूलक संस्थाहरुको लागि मात्र गर्नु पर्नेछ ।

९.२. संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत खर्च गर्नका लागि परियोजना वा कार्यक्रम छनौट गर्दा त्यसबाट समुदायस्तरमा पर्ने प्रभाव र मुलुकको आवश्यकताको विश्लेषण गर्नु पर्दछ ।

९.३. संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रम गर्दा कुनै पनि व्यावसायिक वा व्यक्तिगत स्वार्थ बाभिने गरी कुनै विशेष भौगोलिक क्षेत्र तथा विषयमा अधिकेन्द्रित नभई जीवन रक्षा, सार्वजनिक हित तथा परोपकारी कार्य, समाजको आवश्यकतालाई प्राथमिकतामा राखी न्यायोचित ढङ्गले खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

९.४. कुनै एउटा कार्यक्रममा त्यस आर्थिक वर्षको कुल खर्च योग्य संस्थागत सामाजिक उत्तरदायित्व रकमको ५ प्रतिशतभन्दा बढी खर्च गर्न पाइने छैन ।

९.५. यस बैंकबाट इजाजतपत्रप्राप्त सबै बैंक तथा वित्तीय संस्थाहरुले आपसी सहमतीमा कुनै विशेष सार्वजनिक महत्वको कार्य गर्ने भएमा यस बैंकको पूर्व स्वीकृतिमा त्यस्ता कार्य सञ्चालन गर्न सकिनेछ ।

९.६. संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत भएको खर्चको क्षेत्रगत तथा प्रदेशगत विवरणका साथै उक्त खर्चको सामाजिक क्षेत्रमा परेको प्रभाव समेत विश्लेषण गरी आफ्नो वेबसाइटमार्फत वार्षिक रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

९.७. कोषको रकम कुनै किसिमको नगद, दान, दातव्य, पुरस्कार आदि वितरण गरी खर्च लेखांकन गर्न पाइने छैन ।

९.८. कोषमा रहेको रकम अन्य कुनै कोष वा शीर्षकमा रकमान्तर गर्न वा पूँजी कोष गणना गर्न पाइने छैन ।

९.९. संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत भए गरेका कार्यक्रमको लक्षित वर्गमा भएको वास्तविक खर्च तथा उक्त खर्च गर्दा भएको प्रशासनिक खर्चबीच तादात्म्यता मिलेको, स्वाभाविक तथा खर्च अनुपात सुहाउँदो हुनु पर्नेछ ।

९.१०. संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकम, सोको खर्च, कार्यक्रमको छनौट, संस्थाले अवलम्बन गरेको निर्णय प्रकृया, कार्यक्रमको प्रभावकारिता आदि सम्बन्धमा वार्षिक रुपमा लेखापरीक्षण गरी छुट्टै प्रतिवेदन तयार गरी लेखापरीक्षण समिति मार्फत सञ्चालक समितिमा पेश गर्नु पर्दछ ।

९.११. संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकम यस मार्गदर्शनले तोकेको अवधिभित्र खर्च गरिसक्नु पर्नेछ ।

९.१२. इजाजतपत्रप्राप्त संस्थाले सहयोग गरेका सम्बन्धित संस्थाले प्राप्त गरेको रकम वा सहयोगबाट जीवन रक्षा, सार्वजनिक हित वा परोपकारी कार्यमा प्रभाव परेको र सोही उद्देश्यमा खर्च भएको प्रमाणित विवरण इजाजतपत्रप्राप्त संस्थाले प्राप्त गरी अद्यावधिक गरी राख्नु पर्नेछ ।

९.१३. इजाजतपत्रप्राप्त संस्थाबाट संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भए गरेका कार्यहरुको विवरण अनुसूची १ बमोजिमको ढाँचामा त्रैमासिकरुपमा आफ्नो वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्नेछ ।

***

## अनुसूची १

......................... बैंक लि
आ. ब . ................ को (.............. त्रैमासिक विवरण)

### (क) कोषको विवरण

| क्र.सं. | विवरण | रकम (रु हजारमा) |
|---|---|---|
| १. | संस्थागत सामाजिक उत्तरदायित्व कोषमा अघिल्लो आर्थिक बर्षसम्म बक्यौता रकम | |
| २. | संस्थागत सामाजिक उत्तरदायित्व कोषमा पछिल्लो आर्थिक बर्षको मुनाफाबाट थप भएको रकम | |
| ३. | कुल खर्चयोग्य रकम | |
| ४. | यस त्रयमासको खर्च | |
| ५. | यस त्रयमास सम्मको खर्च | |
| ६. | कुल बाँकी खर्चयोग्य रकम | |

### (ख) क्षेत्रगत विवरण

(रु हजारमा)

| क्र.सं. | विवरण | अघिल्लो त्रयमास सम्मको खर्च | यस त्रयमासको खर्च | कुल खर्च |
|---|---|---|---|---|
| १. | शिक्षा | | | |
| २. | स्वास्थ्य | | | |
| ३. | मानवीय सहयोग तथा राहत | | | |
| ४. | विश्व सम्पदा | | | |
| ५. | वातावरण | | | |
| ६. | वित्तीय साक्षरता | | | |
| ७. | दिगो विकास लक्ष्य | | | |
| ८. | अन्य | | | |
| | कुल खर्च | | | |

## (ग) प्रदेशगत विवरण

(रु हजारमा)

| क्र.सं. | विवरण | अघिल्लो त्रयमास सम्मको खर्च | यस त्रयमासको खर्च | कुल खर्च |
|---|---|---|---|---|
| १. | प्रदेश नं. १ | | | |
| २. | प्रदेश नं. २ | | | |
| ३. | वागमती | | | |
| ४. | गण्डकी | | | |
| ५. | लुम्बिनी | | | |
| ६. | कर्णाली | | | |
| ७. | सुदुर पश्चीम | | | |
| | कुल खर्च | | | |

## (ग) यस त्रयमासमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका कार्यहरुको सूची

| क्र.सं. | कार्यको विवरण | मिति | प्रदेश | स्थानीय तह | क्षेत्र | रकम (रु हजारमा) |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| १०. | | | | | | |